# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर नुवाकोट
बागमती प्रदेश, नेपाल

बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाघखोर, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

प.सं. २०७७/७८
च.नं. ३१४

मिति : २०७७/०६/११

श्री सम्पूर्ण वडा कार्यालय
बेलकोटगढी नगरपालिका।

विषय : निर्णय पठाइएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको मीति २०७७/०६/१० गते बसेको नगर शिक्षा समितिको वैठकको तपसिल वमोजिमको निर्णय आवश्यक जानकारी तथा कार्यार्थको लागि पठाइएको व्यहोरा अनुरोध छ।

२०७७।६।११

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

<u>निर्णय नं. १ -</u>

विद्यार्थी सिकाई सहजीकरण सम्बन्धमा :-

संक्रामक रोग (कोभिड १९) नियन्त्रण सम्बन्धी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएका स्वास्थ्य मापदण्ड पालना गर्ने गरी विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ को दफा ४ अनुसारको कार्य योजना स्वीकृत गर्ने र दफा ३३ को उपदफा २ अनुसार प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न तपसिलका मापदण्ड र आधारमा आफ्नो वडा अन्तर्गतका विद्यालयलाई स्वीकृत दिने अधिकार वडा समितिलाई प्रदान गर्ने निर्णय गरियो।

मापदण्ड र आधार :-

१)स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएका संक्रामक रोग (कोभिड १९) सम्बन्धि मापदण्ड अपनाउने गरी अभिभावक समेतको राय सल्लाह वमोजिम निर्देशिकाले व्यवस्था गरे अनुसारको प्रत्यक्ष सिकाई सहजीकरणको कार्ययोजना तयार गरेको हुनुपर्ने।

२. प्रत्यक्ष सिकाई सहजीकरणका लागि विद्यार्थीहरुको बसाई र अन्य व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड बमोजिम हुनुपर्ने।

३. स्यानीटाइजर र हात धुने व्यवस्था हुनुपर्ने।

४. प्रत्यक्ष सिकाईमा सहभागी हुन नसक्ने विद्यार्थीहरुलाई वैकल्पिक व्यवस्थाको सुनिश्चित भएको हुनुपर्ने।

<u>निर्णय नं. २ -</u>

शैक्षिक क्यालेन्डर सम्बन्धमा : तपसिल अनुसारको शैक्षिक क्यालेन्डर स्वीकृत गर्ने निर्णय गरियो :-

क) मिति २०७७ असोज देखि २०७८ वैशाख महिना सम्म सार्वजनिक विदाका दिनमा समेत सिकाई सहजीकरण प्रक्रिया नियमित रुपमा संचालन गर्ने।

ख) कक्षा १०,११ र १२ को हकमा राष्ट्रिय परीक्षा वोर्डबाट परीक्षा मिति तोकिएको एक महिना अगावै पाठ्यक्रमले निर्दिष्ट गरे अनुसारको पठन पाठन पुरा गर्ने।

ग) प्रत्येक महिनाको अन्तिम शनिवार, दशैं विदा २०७७ कार्तिक ७ देखि ११ सम्म र तिहार विदा २०७७ कार्तिक २९,३० र मङ्सिर १ गते मात्र सार्वजनिक विदा गर्ने।

घ) उपरोक्तानुसारको सार्वजनिक विदा, परीक्षा संचालन अवधि, पठन पाठन हुने दिन र अन्य शैक्षिक क्रियाकलाप समेत समेटिएको शैक्षिक क्यालेन्डर शिक्षा, युवा तथा खेलकुद शाखाबाट तयार गरी विद्यालयहरुलाई उपलब्ध गराउने।

ङ) विद्यालयले गर्ने स्थानीय विदा नदिने।

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत